apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१



विपद् प्राधिकरणले भन्यो- बाढी प्रभावित क्षेत्रमा स्वीकृतिबिना ड्रोन नउडाउनू

समाचार पृष्ठ ३

● वर्ष: १२ ● अंक: २२४ ● पृष्ठ: ४ ● १४ भदौ २०८३ आइतबार (30 August 2026. Sunday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## अजयको फोन नबजेपछि बेचैन पूजा, भोटेकोसी बाढीपछि मधेशका ११६ परिवार अनिश्चित प्रतीक्षामा

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**



धनुषाकी पूजा सिंहका लागि पछिल्ला दिनहरू सामान्य छैनन् । रात पर्छ, उनी सुत्ने प्रयास गर्छिन् । तर, आँखामा निद्रा आउँदैन । आँखा बन्द गर्दा श्रीमान् अजय सिंहकै अनुहार सम्झिन्छिन् ।

मोबाइल हेर्छिन्, श्रीमान्को नम्बरमा फोन गर्छिन् । घण्टी जाँदैन । फेरि प्रयास गर्छिन् । हरेक असफल प्रयाससँगै उनको मनमा आशंका थपिन्छ र आँखाबाट आँसु झर्छ ।

'मेरो बुढा कस्तो अवस्थामा हुनुहुन्छ ? त्यहाँ के हुँदै छ ? केही जानकारी पाएको छैन,' रुँदै पूजा भन्छिन्, 'प्लिज, जसरी भए पनि उहाँको अवस्थाबारे जानकारी पाऊँ । प्लिज मलाई उहाँसँग कुराकानी गराइदिनुस् ।'

रसुवाको माथिल्लो त्रिशूली जलविद्यत- १ मा कार्यरत अजय बाढी आउनुअघिसम्म परिवारको सम्पर्कमा थिए । तर, भोटेकोसी क्षेत्रमा भीषण बाढी आएपछि उनी एकाएक सम्पर्कविहीन बने । त्यसयता उनको मोबाइल लगातार स्वीच अफ छ ।

अजय कहाँ छन् ? सुरक्षित छन् कि छैनन् ? अस्पतालमा छन् कि उद्धारको प्रतीक्षामा ? परिवारसँग यी प्रश्नको कुनै जवाफ छैन । रसुवामा बाढीले ठूलो क्षति पुर्‍याएको खबरसँगै धनुषामा रहेकी उनको परिवारको बेचैनी पनि दिन प्रतिदिन बढ्दै गएको छ ।

'एकपटक उहाँको आवाज मात्रै सुन्न पाए पनि हुन्थ्यो,' पूजा भन्छिन् । अजय हराएको खबरपछि उनको घरमा कुनै उत्सव छैन, कुनै सामान्य दिन छैन । छ त केवल मोबाइलको प्रतीक्षा । कुनै अपरिचित नम्बरबाट फोन आऊला कि, प्रहरीले नयाँ सूचना देला कि, उद्धार टोलीले अजयको अवस्थाबारे केही बताऊला कि भन्ने आशामा परिवार दिन रात बसेको छ ।

पूजाको पीडा उनको परिवारमा मात्रै सीमित छैन । रसुवाको भोटेकोसी क्षेत्रमा आएको बाढीपछि मधेश प्रदेशका १२६ जना सम्पर्कविहीन भएको प्रारम्भिक विवरण प्रहरीले सार्वजनिक गरेको थियो । पछिल्लो अद्यावधिकअनुसार तीमध्ये १० जना परिवार तथा आफन्तको सम्पर्कमा आएका छन् । तर, अझै ११६ जना सम्पर्कविहीन छन् ।

मधेश प्रदेश प्रहरीका अनुसार सम्पर्कविहीन हुनेमा सप्तरीका ३१, पर्साका २८, बाराका १९, रौतहटका १५, सर्लाही र महोत्तरीका १०/१०, सिरहाका ८ तथा धनुषाका ५ जना छन् ।

सम्पर्कविहीनमध्ये ९१ जना बेपत्ता भएको स्थान 'रसुवा' मात्रै उल्लेख गरिएको छ । अन्य व्यक्तिहरू रसुवाका विभिन्न जलविद्युत्

बाँकी पृष्ठ ३ ▸▸

## चार महिनाको सेवा सुविधा राहतमा खर्च गर्दै वडाअध्यक्ष समसद



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**

सिरहा नगरपालिका-४ रमौलका वडाअध्यक्ष मोहम्मद समसद आलमले आफ्नो चार महिनाको सेवा सुविधा बराबरको रकमबाट राहत सामग्री खरिद गरी बाढी तथा पहिरो प्रभावित क्षेत्रमा पठाउने भएका छन् ।

पछिल्लो समय आएको विनाशकारी बाढी तथा पहिरोबाट ठूलो जनधनको क्षति हुनुका साथै धेरै नागरिक विस्थापित तथा अलपत्र परेका घटनाप्रति दुःख व्यक्त गर्दै वडाअध्यक्ष आलमले मानवीय सहयोगस्वरूप आफ्नो सेवा सुविधाबाट प्राप्त हुने रकम राहतका लागि खर्च गर्ने निर्णय गरेका हुन् ।

विपत्तिमा परेका नागरिकलाई तत्काल राहत उपलब्ध होस् भन्ने उद्देश्यले चार महिनाको सेवा सुविधा बापत प्राप्त हुने रकमबाट आवश्यक राहत सामग्री खरिद गरी प्रभावित क्षेत्रमा पठाइने उनले बताए ।

बाँकी पृष्ठ ४ ▸▸

## शिक्षक भर्नामा चलखेल गरेको भन्दै वडाध्यक्षले लगाए विद्यालयमा ताला



**अपन दैनिक संवाददाता**
**सप्तरी, भदौ १३ गते**

सप्तरीको बलान बिहुल गाउँपालिका-६ स्थित जागेश्वर गहिराइ जनता माध्यमिक विद्यालय, सेहरा रौतहटमा शिक्षक-कर्मचारी भर्ना प्रक्रियामा आर्थिक चलखेल भएको आरोप लगाउँदै वडाध्यक्षले विद्यालय प्रशासन कक्षमा तालाबन्दी गरेका छन् ।

विद्यालयमा रिक्त रहेको प्लस टु तर्फ लेखा विषयको एक, अंग्रेजी विषयको एक तथा प्राविधिक धारतर्फ प्रशिक्षक एक, सहायक प्रशिक्षक एक र प्रशिक्षण सहायक एक पदमा करार नियुक्तिका लागि शनिबार बिहान ९ बजेदेखि छनोट परीक्षा सञ्चालन गर्ने विद्यालय प्रशासनले तयारी गरेको थियो। तर, भर्ना छनोट प्रक्रियामा

बाँकी पृष्ठ ३ ▸▸

## रेलवेमा खर्चको भारी, आम्दानी कमजोर : तीन वर्षमा ४५ करोड घाटा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, भदौ १३ गते**



नेपालको एक मात्र जनकपुर-जयनगर रेलवे सेवा सञ्चालन गरिरहेको नेपाल रेलवे कम्पनी गम्भीर आर्थिक सङ्कटमा छ ।

आम्दानीभन्दा साढे तीन गुणा बढी खर्च छ । आम्दानीभन्दा बढी खर्च हुनुमा कर्मचारीको तलब तथा सेवा सुविधालाई नै उच्च खर्च देखाइएको छ । रेलवेको यस्तो दुरावस्थाका बीच पनि कर्मचारीहरूले टिकट बिक्रीमा भ्रष्टाचार गर्दै आएको खुलेको छ ।

आम्दानीले खर्च धान्न नसकेपछि सरकारको जमानीमा पाँच प्रतिशत ब्याजमा ऋण लिँदै आएको कम्पनीमाथि २०८१ असार मसान्तसम्म साँवा र ब्याजसहित ७९ करोड चार लाख २६ हजार रुपैयाँभन्दा बढी ऋण छ ।

भारतसँग एक अर्बभन्दा बढी लागतमा खरिद गरी डेमो रेल सेवा सञ्चालनमा आएको पाँच वर्ष बितिसक्केको छ । नेपाल रेलवे कम्पनीले उपलब्ध गराएको तथ्यांकअनुसार तीन वर्षमा कुल १८ करोड ४२ लाख रुपैयाँ आम्दानी र कुल ६४ करोड २६ लाख रुपैयाँ खर्च हुँदा ४५ करोड ८४ लाख रुपैयाँ घाटा भएको छ ।

पहिलो वर्षमा दुई करोड ५४ लाख रुपैयाँ आम्दानी र ११ करोड रुपैयाँ खर्च, दोस्रो वर्षमा सात करोड ३८ लाख रुपैयाँ आम्दानी र २६ करोड ९९ लाख रुपैयाँ खर्च र तेस्रो वर्षमा आठ करोड ५० लाख रुपैयाँ आम्दानी र २६ करोड २७ लाख रुपैयाँ खर्च भएको छ ।

यसले मासिक औसत आम्दानी ५१ लाख ५६ हजार देखाउँछ भने खर्च १ करोड ७८ लाख रुपैयाँभन्दा बढी छ । टिकट बिक्री, वीरगञ्जको जग्गा तथा गोदाम, सटर भाडा र हाटबजारको ठेक्का नै यस रेल्वे कम्पनीको हाल आम्दानीका मुख्य स्रोत हुन् ।

अहिले जयनगर-जनकपुर-भङ्गाहा सम्म चल्ने रेलमा प्रतिदिन करिब ४ हजारले यात्रा गरे पनि नेपाल रेलवे कम्पनीलाई वार्षिक १५ करोड २८ लाख घाटा हुने गरेको छ । भारतीय कर्मचारीको तलब भत्ता, रेलको मर्मत सम्भार, इन्धन र सरसफाइमा सबैभन्दा बढी खर्च छ ।

सुरुका दिनमा रेल चलाउन भारतबाट २६ जना जनशक्ति ल्याएकोमा अहिले पनि रेल चालक, स्टेसन मास्टर, प्राविधिकलगायतका २३ जना कर्मचारी कार्यरत छन् । कर्मचारीको तलबभत्ता, रेलको सरसफाइ र मर्मतसम्भारका नाममा नेपाल रेलवेले भारतीय कोंकन कम्पनीलाई वार्षिक २० करोड रुपैयाँ बुझाउँदै आएको छ ।

जबकी प्रबन्धक सञ्चालकसहित १ सय ४८ जना नेपाली कर्मचारीको वार्षिक तलब ५ करोडमात्रै छ । नेपाल रेलवेले न त भारतीय कर्मचारी घटाउन रणनीति बनाउन सकेको छ न त आम्दानी बढाउने उपाय नै खोजेको छ ।

अर्कोतर्फ टिकट बिक्रीबाट दैनिक करिब १ लाख ५० हजार आम्दानी हुने गरेकोमा तीन महिनायता रेलवेको आम्दानी बढेको छ । अहिले दैनिक साढे दुई लाखको हाराहारी आम्दानी

बाँकी पृष्ठ २ ▸▸

## 'सरकार बाढी प्रभावितको साथमा छ'

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**



प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल सरकार बाढी प्रभावित नागरिकका साथमा रहेको बताएका छन् । शनिबार सामाजिक सञ्जालमार्फत उनले बाढी प्रभावित क्षेत्रमा उद्धार तथा पुनःस्थापनाका कार्यहरू नतिजा नआएसम्म निरन्तर जारी रहने बताएका हुन् ।

विनाशकारी बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका तटीय क्षेत्रमा निकै ठूलो जनधन र भौतिक क्षति पुर्‍याएकोप्रति नेपाल सरकार अत्यन्तै गम्भीर र संवेदनशील रहेको उल्लेख गर्दै उनले बाढी आएलगत्तै सरकारले प्रभावित क्षेत्रमा उद्धार, खोजी र राहत कार्यलाई कुनै पनि कसर बाँकी नराखी अहोरात्र तीव्र पारिरहेको बताए ।

'संघ, प्रदेश र स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूसँगको निरन्तर समन्वय, सहकार्य र सहजीकरणमा यो कार्यलाई पूर्ण क्षमताका साथ निरन्तरता दिइएको छ । राज्यका सबै किमिसका संयन्त्रबाट प्रभावित प्रत्येक नागरिकको जीवनरक्षा नै सरकारको पहिलो प्राथमिकता बनेको कुरा दोहोर्‍याउन

बाँकी पृष्ठ ४ ▸▸




**गलत समाचार र भ्रामक सूचनाको पहिचान गरौं**

- कुनैपनि समाचार वा सूचना सार्वजनिक गर्नुअघि स्रोतको सत्यता जाँच गरौं ।
- आधिकारिक निकायबाट प्रकाशित सूचना र समाचारमा विश्वास गरौं ।
- शीर्षक मात्र होइन, सम्पूर्ण सामग्री पढेर बुझ्ने बानी बसालौं ।
- अपुष्ट, भ्रामक वा उत्तेजनात्मक सामग्री सामाजिक सञ्जालमा सार्वजनिक नगरौं ।
- फोटो, भिडियो वा अडियोको सत्यता पुष्टि गरेर मात्र विश्वास गरौं ।
- अफवाह फैलाउने कार्यबाट टाढा रहँदै जिम्मेवार नागरिक बनौं ।
- गलत सूचना भेटिएमा सम्बन्धित निकायलाई जानकारी दिऔं ।

**सत्य, तथ्य र जिम्मेवार सञ्चार संस्कृतिको विकास गरौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

# सम्पादकीय...

## मिटरब्याज समस्यालाई दूरगामी रूपमा समाधान गर

मिटरब्याजको समस्याले विशेषगरी मधेशका ग्रामीण तथा विपन्न परिवारलाई लामो समयदेखि प्रभावित पार्दै आएको छ । चर्को ब्याज, तमसुक, दृष्टिबन्धक, जग्गा हडप्ने प्रवृत्ति र ऋण असुलीका नाममा हुने दबाबका कारण कतिपय परिवार घरजग्गा र सम्पत्तिविहीन बन्न पुगेका छन् । यही पीडाका कारण पीडितहरू सडकमा आए, आन्दोलन गरे र राज्यसँग न्यायको माग गरे । सरकारले पीडितसँग सम्झौता गर्दै समस्या समाधान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । कानुन निर्माणदेखि आयोग गठन र छानबिनसम्मका प्रयास पनि भएका छन् । तर सम्झौता कागजमा सीमित भएर व्यवहारमा पीडितले न्याय पाउन सकेनन् भने त्यस्ता सम्झौताको अर्थ रहँदैन । त्यसैले अब सरकारको प्राथमिकता सम्झौताको कार्यान्वयन र पीडितलाई वास्तविक न्याय दिलाउनु हुनुपर्छ । तर मिटरब्याजको समाधान खोज्दा अर्को पक्षलाई पनि राज्यले बेवास्ता गर्न मिल्दैन । ऋण लगानी गरेर साँवा रकमसमेत फिर्ता नपाएको दाबी गर्दै ऋणदाता वा साहु पक्ष पनि आन्दोलनमा छन् । सबै ऋणदातालाई शोषक र सबै ऋणीलाई पीडितको एउटै दृष्टिले हेर्नु न्यायोचित हुँदैन । कतिपय वास्तविक पीडित हुन सक्छन् भने कतिपय लेनदेन कानुनसम्मत पनि हुन सक्छ । त्यसैले कानुनसम्मत कारोबार, अवैध ब्याज असुली र जालसाजीपूर्ण तमसुकबीच स्पष्ट छुट्याउने निष्पक्ष संयन्त्र आवश्यक छ ।

सरकारले अब मिटरब्याजको समस्यालाई राजनीतिक नाराभन्दा माथि उठेर हेर्नुपर्छ । पीडितको आन्दोलन रोक्नका लागि मात्र सम्झौता गर्ने र कार्यान्वयनमा ढिलाइ गर्ने प्रवृत्तिले समस्या समाधान गर्दैन । त्यस्तै, ऋणदाता पक्षको जायज मागलाई बेवास्ता गरेर पनि दीर्घकालीन समाधान सम्भव छैन ।

समस्या समाधानका लागि सरकारले जिल्लागत रूपमा वास्तविक ऋण, साँवा, ब्याज, तमसुक, जग्गा कारोबार र भुक्तानीको निष्पक्ष छानबिन गर्नुपर्छ । प्रमाणका आधारमा दुवै पक्षको दायित्व र अधिकार निर्धारण गरिनुपर्छ । अवैध रूपमा असुल गरिएको रकम र हडपिएको सम्पत्ति फिर्ता गर्ने व्यवस्था हुनुपर्छ भने वास्तविक साँवा रकम असुल गर्न पाउने कानुनी अधिकार पनि सुनिश्चित गरिनुपर्छ । त्यसैगरी, लामो समयदेखि अदालत, प्रशासन वा आयोगमा अड्किएका मुद्दाको शीघ्र निरुपण आवश्यक छ । स्थानीय प्रशासन, प्रहरी, न्यायिक निकाय र सम्बन्धित आयोगबीच प्रभावकारी समन्वय हुनुपर्छ ।

राजनीतिक पहुँच, दबाब वा प्रभावका आधारमा कुनै पक्षलाई संरक्षण दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । मिटरब्याज समस्या समाधान हुनु भनेको आन्दोलन रोक्नु होइन । ऋणीलाई न्याय दिनु, ऋणदाताको जायज अधिकार सुरक्षित गर्नु र भविष्यमा यस्तो शोषण दोहोरिन नदिने वित्तीय तथा कानुनी व्यवस्था निर्माण गर्नु हो । अब सरकारसँग जनताको अपेक्षा स्पष्ट छ । मिटरब्याजको नाममा वर्षौंदेखि चलिरहेको आन्दोलन र विवादलाई अझ लम्ब्याउने होइन, निर्णायक रूपमा समाधान गर्ने हो । सम्झौता धेरै भइसके, अब कार्यान्वयन, निष्पक्षता र परिणाम देखिनुपर्छ । पीडित र ऋणदाता दुवैलाई न्यायको अनुभूति हुने गरी राज्यले समाधानको बाटो खोल्न सके मात्र सडक आन्दोलनको वातावरण अन्त्य हुनेछ र समाजमा कानुनी शासनप्रतिको विश्वास पुनः स्थापित हुनेछ ।

## रेलवेमा खर्चको भारी, आम्दानी कमजोर ..........

हुन थालेको छ । तीन महिनाअघि नियुक्त भएका प्रबन्ध सञ्चालकले निगरानी बढाएपछि आम्दानीमा केही वृद्धि भएको कम्पनीको भनाइ छ ।

टिकट बिक्रीमा अनियमितता गरेको फेला परेपछि टिकट काउन्टरका दुई जना कर्मचारीलाई बर्खास्त गरिएको छ । हाल वार्षिक रुपमा हुँदै आएको खर्च हेर्दा आम्दानी मासिक २ करोड २५ लाखभन्दा बढी हुनुपर्छ । नोक्सानी घटाउन रेलवेले मालवाहक सहितको थप रेल चलाउनुपर्नेमा सरोकारवालाको जोड छ ।

कार्गो रेल चलाउन सके उद्योगी व्यवसायीलाई भारतबाट औद्योगिक कच्चा पदार्थ, कोइला, खाद्यानलगायतका सामानहरू आयातमा खर्च घट्ने र रेलवेले आम्दानी बढाउनसक्ने उनीहरूको तर्क छ । विक्रम सम्वत १९९४ मा सुरु भएको रेल सेवा २०७० मा ब्रोड गेज विस्तारका लागि बन्द गरिएको थियो ।

रेलको लिक, पुलपुलेसालगायतको आठ वर्ष लगाएर स्तरोन्नति गरेपछि २०७८ चैत २० गतेदेखि पुनःसञ्चालनमा आएको रेल हाल ५२ किलोमिटरमा कुद्छ । रेलवे कम्पनीमा देखिएको घाटा कम गर्न भारतीयको स्थानमा नेपाली कर्मचारीहरुको भर्ना, रेलवेको सम्पत्तिको रुपमा रहेको पोखरीहरु मत्स्य पालनका लागि ठेक्कामा लगाउने, व्यवस्थित सटर भाडा र रेललगायतका संरचनामा विज्ञापन गराउनका लागि सरकारी र निजी कम्पनीहरुलाई आकर्षित गर्नुपर्ने देखिन्छ ।

# विपद्मा दलहरू एकजुट, बाढीपीडितको उद्धार र राहतमा सक्रिय

**केशव सावद**



राजनीतिक मुद्दामा फरक-फरक धारमा उभिँदै आएका राजनीतिक दलहरू रसुवाको बाढीपछि उत्पन्न मानवीय संकटको सामनाका लागि एकजुट भएका छन् ।

बाढीपछि उत्पन्न मानवीय संकटमा सत्तारुढदेखि प्रतिपक्षमा रहेका दलहरू आ-आफ्नै ढंगले उद्धार र राहतको साझा जिम्मेवारीमा जुटेका छन् । दलहरूले बाढी प्रभावित क्षेत्रमा उद्धार र राहतका लागि आ-आफ्ना पार्टी पंक्तिलाई खटाएका छन् ।

### रास्वपा 'र्‍याट' उद्धार र राहतमा सक्रिय

सत्तारुढ दल रास्वपाले पार्टी पंक्तिलाई र्‍याट (आरएटी) मार्फत सुरक्षा निकायसँगको समन्वयमा उद्धार र राहत कार्यमा खटिन निर्देशन दिएको छ । रास्वपाका महामन्त्री विपिनकुमार आचार्यका अनुसार उद्धार र राहतको संयोजनको जिम्मा र्‍याटका पूर्वसंयोजक आशिष थापालाई दिइएको छ ।

महामन्त्री आचार्यले १० भदौमा विज्ञप्ति जारी गर्दै केन्द्रदेखि स्थानीय तहसम्मका पार्टी समिति, सदस्य तथा शुभेच्छुकलाई स्थानीय प्रशासन र सुरक्षा निकायसँग समन्वय गरेर उद्धार तथा राहतमा सक्रिय हुन निर्देशन दिएका थिए ।

रास्वपाले उद्धार तथा राहत परिचालनका लागि संयोजनको जिम्मा र्‍यापिड एक्सन टिम (र्‍याट) का पूर्वसंयोजक आशिष थापालाई दिएको छ । थापाका अनुसार पार्टीबाट औपचारिक जिम्मेवारी आउनुअघि नै 'र्‍याट' प्रभावित क्षेत्रमा पुगिसकेको थियो ।

'विपद् आइलागेपछि हामी पार्टीले जिम्मेवारी दिनुअघि नै बुधबार २ बजे नुवाकोट पुगिसेकाका थियौं । नुवाकोटका सीडीओ, एपसी साबसँग कोर्डिनेसन गरेर गएका थियौं,' उनले भने, 'र्‍याटको पहिलाको विभागीय प्रमुख भएकाले राजनीतिभन्दा पनि मानवताका हिसाबले आएका हौं । टिम लिएर त्रिशूली पुगिसकेको थिएँ ।'

थापाले रसुवाको मैलुङस्थित सेते ओडारबाट बिहीबार एकै दिन करिब अढाई सय जनाको उद्धार गरिएको बताए । 'र्‍याट'ले झण्डै ६०० जनाको उद्धार गरेको उनको भनाइ छ ।

'हिजो रसुवाको मैलुङमा रहेको सेते ओडार भन्ने ठाउँबाट समन्वय गरेर झण्डै अढाई सयको उद्धार भयो,' थापाले भने, 'हिजो लगभग ६०० जनाको उद्धार भएको छ ।'

उद्धार गरिएका मानिसहरूलाई नुवाकोटका पाँच वटा सेल्टरमा राखेर खाना तथा बसोबासको व्यवस्था गरिएको पनि उनले जानकारी दिए । 'र्‍याट'ले उद्धार गरिएकाहरूलाई बसमार्फत काठमाडौं पठाउने कामसमेत अघि बढाएको छ ।

'उद्धार गरेर ल्याइएका मानिसहरूलाई हामीले हिजो नुवाकोटमा पाँच वटा सेल्टरमा राखेका छौं । खान, बस्नको व्यवस्था गरेका छौं । झण्डै ५०० मानिसहरू सेल्टरमा हुनुहुन्छ,' उनले भने, 'आज बिहान बसहरू मगाएर हिजो उद्धार गरेकाहरूलाई काठमाडौं पठाउने काम पनि भइरहेको छ ।'

थापाका अनुसार बिहीबार रास्वपाका सांसदहरू पनि औषधि, पीपीई, ग्लोब्सलगायत स्वास्थ्य सामग्री लिएर प्रभावित क्षेत्रमा पुगेका थिए । 'हिजो धेरै जना माननीयज्यूहरू पनि आउनुभएको थियो । केही माननीयज्यू डाक्टरको हैसियतले आउनुभएको थियो,' उनले भने, 'औषधि, पीपीए, ग्लोब्सलगायतका अत्यावश्यक सामानहरू बोकेर आउनुभएको थियो । राहत सामग्री पनि थियो ।'

प्रभावित क्षेत्रमा पुग्ने राहत सामग्रीलाई एकद्वार प्रणालीमार्फत व्यवस्थापन गर्न सीडीओ, एसपी तथा सुरक्षा निकायसँग समन्वय गरिएको थापाले बताए । हामीहरूले आएको राहतको विवरण लिने, कुन संस्थाबाट कति आयो । 'हामीले वान डोर सिस्टम गर्नका लागि सीडीओ, एसपी र क्याप्टेन साबहरूसँगको कोर्डिनेसनमा एकै ठाउँमा राखेका छौं,' उनले भने ।

### कांग्रेसले बनायो समन्वय तथा सहजीकरण समिति

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले उद्धार र राहतका लागि 'रसुवा बाढी विपद् व्यवस्थापन समन्वय तथा सहजीकरण समिति' गठन गरेको छ । केन्द्रीय सदस्यसमेत रहेका रसुवाका सांसद मोहन आचार्यको संयोजकत्वमा समिति गठन गरिएको महामन्त्री प्रदीप पौडेलले जानकारी दिए ।

उनका अनुसार समितिमा बाढी प्रभावित जिल्लाहरू रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन र नवलपुरबाट केन्द्रीय कार्यसमितिमा रहेका पदाधिकारी र सदस्य, सांसदहरू समितिमा छन् ।

कांग्रेसले बाढी प्रभावित जिल्लाबाट बागमती प्रदेश कार्यसमितिमा प्रतिनिधित्व गर्ने नेता, ती जिल्लाका पार्टी सभापतिहरू, प्रदेशसभा सदस्यहरू र पार्टीबाट निर्वाचित स्थानीय सरकारका प्रमुख-उपप्रमुखहरूलाई पनि समितिमा राखेको छ ।

आचार्य संयोजकत्वको समितिमा भ्रातृ संघ-संस्थाका अध्यक्ष र शुभेच्छुक संघ-संस्थाका अध्यक्षहरू पनि सदस्य रहेका महामन्त्री पौडेलले जानकारी दिए ।

'रसुवाबाट निर्वाचित सांसद मोहन आचर्यजीको संयोजकत्वमा समिति गठन गरेका छौं । प्रभावित जिल्लाका सभापति, सांसद, जनप्रतिनिधिहरू समितिमा राखेका छौं,' पौडेलले भने, 'समितिले उद्धार, राहत र व्यवस्थापनमा मद्दत पुर्‍याइरहेको छ ।'

कांग्रेसले सरकारको राहत कोषमा एकमुष्ट रकम जम्मा गरेर सहयोग गर्ने पनि उनले जानकारी दिए । 'आन्तरिक रूपमा सबैलाई सहयोग गर्न लगाएर एकमुष्ट सरकारको राहत कोषमा रकम जम्मा गर्ने गरी सहयोग पुर्‍याउन कोसिस गरिरहेका छौं,' महामन्त्री पौडेलले भने, 'हाम्रा सांसद, जनप्रतिनिधिहरूको तलब दिने गरी आन्तरिक रूपमा सर्कुलर गरेको स्थिति छ ।'

हामीले सूचना प्रवाह गर्ने कुरामा पार्टीको संयन्त्रलाई निरन्तर सक्रिय बनाउने र व्यवस्थापकीय पक्षमा सहयोग पुर्‍याउने गरी केन्द्रीय कार्यालयमा डेस्क स्थापना गरेका छौं । सूचना र समन्वय डेस्क भनेर राखेका छौं ।

कांग्रेसले बाढी प्रभावित क्षेत्रका पार्टी संरचनाहरूलाई उद्धार र राहतमा जुट्न भनेको छ । 'हामीले बाढी प्रभावित सबै क्षेत्रका साथीहरूलाई उद्धार र राहतमा जुट्न भनेका छौं,' उनले भने, 'भ्रातृ-शुभेच्छुक संस्थाका प्रमुखहरूलाई हामीले उद्धार र राहत र व्यवस्थापनमा विशेष रूपले सक्रिय बनाएको स्थिति छ ।'

कांग्रेसले केन्द्रीय कार्यालयमा सूचना तथा समन्वय डेस्क पनि स्थापना गरेको छ । पार्टीका तर्फबाट हुने सबैखाले सहयोग आचार्य संयोजकत्वको समितिको समन्वयमा हुने कांग्रेसले जनाएको छ ।

कांग्रेसले केन्द्रीय कार्यसमिति बैठकबाटै पार्टी पदाधिकारी तथा प्रभावित भूगोलका केन्द्रीय सदस्यहरू अन्य कार्यक्रममा सहभागी नभई उद्धार, राहत र व्यवस्थापनमा केन्द्रित रहने निर्णय गरेको छ ।

कांग्रेसको भ्रातृ संगठन नेपाल तरुण दलले बाढी प्रभावितका लागि शुक्रबारदेखि काठमाडौंमा राहत सामग्री संकलन अभियान सुरु गरेको छ । तरुण दलले नयाँ बानेश्वर, कोटेश्वर, चाबहिल र ठमेलमा स्टल राखेर राहत सामग्री संकलन अभियान सुरु गरेको हो ।

नयाँ बानेश्वरको स्टलमा भेटिएका तरुण दलका पूर्वकेन्द्रीय सदस्य रमेश खड्काले खाद्यान्न र लत्ताकपडा संकलनका लागि चार स्थानमा स्थल राखिएको जानकारी दिए । उनले अभियानअन्तर्गत तरुण दलले नगद भने संकलन नगर्ने बताए ।

'आजदेखि तीन दिका लागि चार ठाउँमा राहत संकलनका लागि स्टल राखेका हौं,' उनले भने, 'खानेकुरा, लुगाकपडा लिन्छौं । नगद चाँहि लिन्नौं ।'

### एमालेको उच्चस्तरीय टोली प्रभावित क्षेत्रमा

अर्को प्रतिपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले १० भदौमा विज्ञप्ति जारी गर्दै पार्टीका नेता, कार्यकर्ता, जनसंगठनका सदस्य तथा जनप्रतिनिधिलाई प्रभावित क्षेत्रमा तत्काल खोजी, उद्धार र राहतमा सक्रिय हुन निर्देशन दिएका थिए ।

एमालेका कार्यालय सचिव डा. भीष्म अधिकारीका अनुसार आकस्मिक बैठकमार्फत एमालेले बाढी प्रभावितको उद्धार र राहतका लागि पार्टी पंक्ति परिचालन गर्ने निर्णय गरिसक्केको छ ।

एमालेले महासचिव शंकर पोखरेल नेतृत्वको टोलीलाई बिहीबार बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षणमा पठाएको छ । उक्त टोली नुवाकोटको त्रिशूली क्षेत्रको निरीक्षण गरेर फर्किएको अधिकारीले जानकारी दिए ।

'पार्टीको उच्चस्तरीय टिमले प्रभावित क्षेत्रको भ्रमण गर्ने भनेर हिजो महासचिवको नेतृत्वमा जनसंगठनहरू, पार्टीका सचिवहरू, राजधानीका जिम्मेवारी साथीहरू, जिफन्टका साथीहरू, अरू क्षेत्रका भूपूसैनिक तथा पूर्वप्रहरी संगठनका अध्यक्षलगायतको टोलीले विभिन्न ठाउँमा गएर निरीक्षण गर्‍यो,' उनले भने ।

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

| | |
|---|---|
| **मेष :** | आज आम्दानीका नयाँ मार्गहरू खुल्नेछन् र रोकिएका पुराना कामहरू सुचारु हुनेछन् । |
| **बृष :** | कार्यक्षेत्रमा आफ्ना कामको प्रशंसा हुनेछ र नयाँ जिम्मेवारी वा पदोन्नतिको योग बनेको छ । |
| **मिथुन :** | आज भाग्यले साथ दिनेछ र धार्मिक तथा सामाजिक कार्यहरूमा मन जानेछ । |
| **कर्कट :** | आर्थिक लेनदेन तथा नयाँ लगानीका क्षेत्रमा जोखिम नलिनु नै बुद्धिमानी हुनेछ । |
| **सिंह :** | व्यापार-व्यवसायमा नयाँ अवसरहरू प्राप्त हुनेछन् र राम्रो मुनाफा आर्जन गर्न सकिनेछ । |
| **कन्या :** | प्रतिस्पर्धी तथा विरोधीहरूलाई पछाडि पार्दै आफ्ना योजनाहरू सफलतापूर्वक सम्पन्न गर्न सकिनेछ । |
| **तुला :** | रचनात्मक तथा बौद्धिक काममा सोचेभन्दा बढी सफलता मिल्नेछ । |
| **वृश्चिक :** | घरेलु तथा पारिवारिक विषयमा केही चासो वा चिन्ता बढ्न सक्छ । |
| **धनु :** | आफ्नो आत्मबल र कार्यक्षमतामा वृद्धि हुनुका साथै पराक्रमको प्रशंसा हुनेछ । |
| **मकर :** | आफ्नो बोलीको प्रभाव बढ्नेछ, जसका कारण जटिल र रोकिएका कामहरू पनि सहजै सम्पादन हुनेछन् । |
| **कुम्भ :** | मनमा नयाँ ऊर्जा र उत्साह थपिनुका साथै व्यक्तित्व निखरिएर आउनेछ । |
| **मीन :** | आज अनावश्यक काममा खर्च केही बढ्न सक्ने भएकाले बजेट नियन्त्रणमा ध्यान दिनुहोला । |

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# विपद् प्राधिकरणले भन्यो- बाढी प्रभावित क्षेत्रमा स्वीकृतिबिना ड्रोन नउडाउनू

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**



राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले बाढीग्रस्त क्षेत्रमा प्रशासनको पूर्वस्वीकृतिबिना ड्रोन उडाए कानुनबमोजिम कारबाही हुने बताएको छ । प्राधिकरणले शनिबार एक सूचना जारी गरेर बाढी प्रभावित क्षेत्रमा उद्धारमा लगातार हेलिकप्टर उडिरहेको बताउँदै ड्रोनले जोखिम पैदा गरिरहेको बताएको हो।

'प्रभावित क्षेत्रमा मानवीय उद्धार तथा राहत कार्यका लागि नेपाल सरकार, गृह मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, नेपाली सेना एवं निजी क्षेत्रको समन्वयमा हेलिकप्टरहरू पूर्ण क्षमताका साथ निरन्तर परिचालन भइरहेका छन्,' सूचनामा भनिएको छ, 'उद्धार कार्य भइरहेको समयमा केही व्यक्ति तथा संस्थाहरूबाट स्थानीय प्रशासनको पूर्वस्वीकृति नलिई अनधिकृत रूपमा ड्रोन उडान गरिरहेको पाइएको छ।'

यसबाट हवाई सुरक्षामा गम्भीर जोखिम पैदा भएको र खोजी तथा उद्धार कार्यमा प्रत्यक्ष बाधा पुग्न जाने सूचनामा उल्लेख छ।

यस्तै, उद्धार उडानको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राखेर 'मानवरहित हवाई उपकरण आरपीए/ड्रोन उडान सम्बन्धी कार्यविधि, २०७५' बमोजिम सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयको पूर्वस्वीकृति लिएर मात्र ड्रोन उडान गर्न/गराउन सूचनामार्फत आग्रह गरिएको छ।

'नियमानुसार अनुमति नलिई ड्रोन उडान गरेमा वा उद्धार कार्यमा बाधा पुऱ्याएमा कानुन बमोजिम कारबाही भईजाने बेहोरा समेत अवगत गराइन्छ,' सूचनामा भनिएको छ।

## अजयको फोन नबजेपछि बेचैन पूजा, भोटेकोसी बाढीपछि ............

आयोजना, नुवाकोटको बेत्रावती, त्रिशूली बजारलगायत क्षेत्रमा काम तथा व्यवसायका सिलसिलामा पुगेका थिए । अपर त्रिशूली, त्रिशूली हाइड्रोपावर, मौलुङ हाइड्रोपावर लगायतका आयोजनासँग सम्बन्धित व्यक्तिहरू पनि सम्पर्कविहीनको सूचीमा छन्।

आफ्ना मान्छे सम्पर्कविहीन भएपछि परिवारका सदस्यहरू प्रहरी कार्यालयदेखि अस्पतालसम्म धाइरहेका छन्। कतै आफ्नो मान्छेको नाम भेटिन्छ कि, कतै फोटो देखिन्छ कि, कतै कसैले 'उहाँ सुरक्षित हुनुहुन्छ' भनेर खबर गरिदिन्छ कि भन्ने आशामा उनीहरू भौँतारिइरहेका छन्।

प्रहरीले घरपरिवार तथा आफन्तबाट प्राप्त निवेदन र फोनमार्फत प्राप्त सूचनाका आधारमा सम्पर्कविहीनको प्रारम्भिक विवरण तयार पारिएको जनाएको छ । नयाँ सूचना प्राप्त भएसँगै विवरण अद्यावधिक गर्ने तथा बेपत्ता व्यक्तिको खोजी र अवस्था पहिचान गर्ने काम जारी रहेको प्रहरीको भनाइ छ। तर, परिवारका लागि 'सम्पर्कविहीन' भन्ने दुई शब्द निकै भारी बनेको छ । यो न मृत्युको खबर हो, न जीवनको पुष्टि। त्यसैले उनीहरू अझै आशामै छन्।

पूजाको हातमा मोबाइल छ । आँखामा आँसु छ। मनमा एउटै प्रश्न छ- मेरो अजय कहाँ हुनुहुन्छ ? 'उहाँ जहाँ हुनुहुन्छ, सुरक्षित हुनुहोस्,' उनी भन्छिन्, 'मलाई उहाँसँग एकपटक कुरा गराइदिनुस्। उहाँको आवाज मात्रै सुन्न पाए पनि मेरो मन शान्त हुन्थ्यो।'

रसुवाको बाढीले बाटो, पुल र बस्ती मात्रै बगाएको छैन । यसले सयौं परिवारको चैन र निद्रा पनि बगाएको छ । कसैका घरमा मृत्युको खबर पुगिसकेको छ, तर धेरै परिवार अझै 'सम्पर्कविहीन' भन्ने अनिश्चितताको बीचमा छन्। र, त्यही अनिश्चितताको अर्को छेउमा बाँचेको छ एउटा आशा– सायद एक दिन फोन फेरि बज्नेछ, उताबाट आवाज आउनेछ र भनिनेछ- पूजा, म सुरक्षित छु।





## शिक्षक भर्नामा चलखेल गरेको भन्दै वडाध्यक्षले ............

आर्थिक चलखेल भएको आरोप लगाउँदै बलान-बिहुल गाउँपालिका-६ का वडाध्यक्ष सूर्यकुमार दासले विद्यालयमा तालाबन्दी गरेका हुन्।

वडाध्यक्ष दासले विद्यालयका प्रधानाध्यापक भोला यादव, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तथा छनोट समितिका संयोजक नथुनी दास र शिक्षा समन्वय तथा विकास कार्यालय सप्तरीका शिक्षा समन्वय अधिकारी शशिकुमार यादवबीच मिलेमतो भएको आरोप लगाएका छन्।

यसअघि गत बुधबारका लागि तोकिएको परीक्षा पनि विवादपछि स्थगित गरिएको थियो। तर, शनिबार पुनः परीक्षा सञ्चालन गर्न खोजिएपछि आफूले विद्यालयमा तालाबन्दी गरेको वडाध्यक्ष दासले बताए।

वडाध्यक्ष दासले गत मंगलबार राति शिक्षा समन्वय तथा विकास कार्यालय सप्तरी परिसरमै प्रधानाध्यापक भोला यादव र विद्यालय व्यवस्थापन समिति अध्यक्ष नथुनी दासले शिक्षा समन्वय अधिकारी शशिकुमार यादवसँग मिलेर शिक्षक भर्नाका लागि 'सेटिङ' गरिरहेको आरोप लगाउँदै वडाध्यक्ष दास मंगलबार



श्री जिल्ला प्रशासन कार्यालय सप्तरीमा चढाएको
निवेदन पत्र
विषय:-निजामती सेवामा कार्यरत रहेको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा नियुक्ती गरी विद्यालयमा पद पुर्ति गर्न बाँकी रहेको शिक्षकलाई अनियमित र आर्थिक प्रलोभनमा परी नियुक्ती गर्ने तयारीमा रहेको सम्बन्धीत विद्यालयको प्र.अ.र जिल्ला शिक्षा समन्वय ईकाई समितिको अधिकारी समेत माथि आवश्यक छानविन गरी प्रचलित ऐन कानुन बमोजिम कार्यवाहि गरी पाउँ ।
जिल्ला सप्तरी बलानविहुल गाउँपालिका वडा न.६को वडा अध्यक्ष सुर्य कुमार दास------------------------------------१ } निवेदक
विरुद्ध
श्री जागेश्वर गरहाइ जनता उच्च मा.वि.बलानविहुल गाउँपालिका वडा न.६ सेरहा रौतहट सप्तरीको प्र.अ.भोला यादव------------------------------------१
ऐ.विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष जिल्ला सप्तरी बलानविहुल गाउँपालिका वडा न.६वस्ने महेन्द्र दासको छोरा नथुनी दास------------------------------------१ } विपक्षी
जिल्ला शिक्षा समन्वय ईकाई समिति सप्तरीको प्रमुख शशि यादव------------------------------------१
म निवेदकले रु१०/- यसै साथ राखी निम्नानुसारको निवेदन गर्दछु।
१. उपरोक्त सम्बन्धमा श्री जागेश्वर गरहाई जनता उच्च मा.वि.सेह रौतहट -५सप्तरीको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा मि
1

२०८२-९-११ गतेको निर्णय बमोजिम छनौट भएको नथुनी दास जिल्ला हुलाक कार्यालय सप्तरी अन्तर्गत अतरिक्त हुलाक कार्यालय रौतहटमा दरवन्दी रही हुलाक प्रतिनिधीको पदमा सरकारी सेवामा कार्यरत रहेको कुरा जिल्ला हुलाक कार्यालय सप्तरीको च.न.२१ मिति २०८३-५-३को पत्रबाट पुष्टि हुँदा हुदै नेपाल सरकारको सरकारी सेवामा कार्यरत कर्मचारीलाई विद्यालय व्यवस्थापन समिति जस्तो राजनैतिक पदमा नियुक्त गर्न नमिल्ने अवस्थामा निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली २०६५को नियम १२को उपनियम ३ विपरित नियुक्त गरी सरकारी कामकाज समेत प्रभावित गरी विद्यालयको आर्थिक प्रशासनिक शैक्षिक गतिविधीमा अवरोध सृजना भएको विद्यालय व्यवस्थापन समितिले गर्नुपर्ने कामकाज नियमिति रुपमा गर्न नसकी शान्ति क्षेत्रको रुपमा स्थापित रहेको विद्यालयको सम्पूर्ण कामकाजमा प्रतिकूल असर पर्ने अवस्थामा सो गैरकानूनी तरिकाबाट गठित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष विपक्षी नथुनी दासको अध्यक्षतामा विद्यालय व्यवस्थापन समितिको वैठकबाट विद्यालयमा रिक्त रहेको दरबन्दीहरु +२ तर्फ लेखा-१ , अंग्रेजी-१, प्राविधिक धार तर्फ प्रशिक्षक -१,सहायक परिक्षिक-१, परिशिक्षण सहायक-१ गरी जम्मा ५ पदमा करार शिक्षकको पदपूर्तिका लागि शिक्षक छनौट समिति गठन गरी शिक्षक छनौट समितिको मिति २०८३-५-२गतेको निर्णय अनुसार मिति २०८३-५-१० गते बुधवारका दिन परिक्षा लिने गरी विपक्षी विद्यालयको च.न.२ मिति २०८३-५-३ गतेमा सूचना प्रकाशन भएकोले सो गैरकानूनी रुपबाट गठन भएको विद्यालय व्यवस्थापन समितिको आधारमा विद्यालयमा रिक्त रहेको शिक्षकहरुको पदपूर्ति नगर्नु गर्न नलगाउनु भनि जिल्ला सम्वन्वय ईकाई समिति सप्तरी र श्री जागेश्वर गरहाई जनता उच्च मा.वि.सेहरा रौतहटको प्र.अ.समेतलाई विपक्षी बनाई निवेदक रम्भा कुमारी साह र सम्मानित उच्च अदालत जनकपुर राजविराज ईजलाशमा सम्वत् २०८३सालको WO: ०१२२न.को उत्प्रेषण मिश्रित परमादेशको रिट निवेदन दायर हुँदा अन्तरिम आदेश छलफलको लागि मिति २०८३-५-१५ गतेका दिन छलफल पेशी तोकी पाएको अवस्थामा विपक्षीहरुले एकआपसमा मिलोमतो गरी

साँझ ७ बजेदेखि राति साढे ९ बजेसम्म शिक्षा समन्वय तथा विकास कार्यालयको गेटमा धर्नामा बसेका थिए।

त्यसपछि प्रधानाध्यापक भोला यादवले मंगलबार राति नै सामाजिक सञ्जालमार्फत अर्को सूचना नआएसम्म परीक्षा स्थगित गरिएको जानकारी सार्वजनिक गरेका थिए। तर, सोही राति पुनः अर्को सूचना जारी गर्दै शनिबारका लागि परीक्षा सञ्चालन गर्ने मिति तोकिएको वडाध्यक्ष दासको भनाइ छ।

सो विषयमा बुझ्न प्रधानाध्यापक भोला यादवसंग पटकपटक सम्पर्क गर्दा उनी सम्पर्कमा आउन चाहेनन्।

यता वडा अध्यक्ष दासले आफू जिल्ला प्रशासन कार्यालय सप्तरीमा १० गते दिइएको निवेदनमा छलफल नभएसम्म विद्यालयमा लगाएको तालाबन्दी नखोल्ने चेतावनी दिए।

## विपद्मा दलहरू एकजुट, बाढीपीडितको उद्धार ............

एमालले बाढी प्रभवितको उद्धार र राहतका लागि भ्रातृ संगठनहरू अनेरास्ववियु, युवा संघलगायतका संगठनका सदस्यहरूलाई खटाएको छ। एमाले नेतृत्वको बागमती प्रदेश सरकारका मुख्यमन्त्री किरण थापा मगर आफैं प्रभावित क्षेत्रमा पुगेका छन्।

'अनेरास्ववियु, युवा संघका साथीहरू प्रभावित क्षेत्रमा खटिनुभएको छ,' एमालेका कार्यालय सचिव अधिकारीले भने, 'हाम्रो नेतत्वमा प्रदेश सरकार भएकाले मुख्यमन्त्री पनि उतै गएर बसिरहनुभएको छ।'

एमालेबाट बाढी प्रभावित जिल्लाको पार्टी पंक्ति यसअघि नै परिचालित भइसकेको छ। थप जनशक्ति पठाउन पार्टी तयारी अवस्थामा रहेको एमालले जनाएको छ। 'प्रभावित क्षेत्रको स्थानीय पार्टी पंक्ति त परिचालित भइसकेकै छ,' अधिकारीले भने, 'यहाँबाट पनि थप शक्ति पठाउनका लागि हामी पूर्वतयारीको अवस्थामा छौं।'

**माओवादी केन्द्रसहित अन्य दल पनि उद्धार र राहतमा सक्रिय**

नेकपा संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले १० भदौमा सामाजिक सञ्जालमार्फत पार्टी पंक्तिलाई प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत तथा मानवीय सेवामा जुट्न र स्थानीय प्रशासनसँग समन्वय गर्न निर्देशन दिएका थिए।

'नेकपाका सम्पूर्ण पार्टी पंक्तिलाई प्रभावित क्षेत्रमा तत्काल उद्धार, राहत र मानवीय सेवामा जुट्न तथा स्थानीय प्रशासनसँग समन्वय गर्न निर्देशन गर्छु' उनले फेसबुकमा लेखेका थिए।

संयोजक प्रचण्डले बिहीबार रास्वपा अध्यक्ष रवि लामिछानेले बोलाएको सर्वपक्षीय बैठकमा विपत्तिका बेला राजनीतिक मतभेदलाई थाती राखेर राष्ट्र र नागरिकको पक्षमा एक ठाउँमा उभिनुपर्नेमा जोड दिएका थिए।

'आज पनि देशमा राजनीतिक मतभेद र विमति छन्। लोकतन्त्रमा ती स्वाभाविक हुन्,' उनले बैठकमा भनेका थिए, 'तर विपत्तिका बेला ती मतभेदलाई केही समय थाती राखेर राष्ट्र र नागरिकको पक्षमा एक ठाउँमा उभिनुपर्छ।'

रसुवाको भोटेकोशी बाढीले सिर्जना गरेको गम्भीर संकटबाट पार पाउन सरकारलाई आफ्नो पार्टीको पूर्ण साथ र सहयोग रहने प्रचण्डको भनाइ थियो । 'हाम्रो पार्टीले हिजै बैठक बसेर यस विषयमा आवश्यक निर्णय गरिसकेको छ,' उनले बैठकमा भनेका थिए, 'पार्टीको पंक्तिलाई उद्धार, राहत तथा सहयोगका काममा सरकारी निकायसँग समन्वय गरेर परिचालित हुन निर्देशन दिइसकेको छ।'

जसपा नेपालले पनि बाढी प्रभावित क्षेत्रमा आफ्ना नेता तथा कार्यकर्ता परिचालन गरेको जनाएको छ। अध्यक्ष उपेन्द्र यादवले बाढी प्रभावित क्षेत्रमा नेता-कार्यकर्ता परिचालन गरिएको जानकारी दिए।

'हामीले बाढी प्रभावित क्षेत्रमा खटाएका छौं,' अध्यक्ष यादवले भने, 'कोही स्पटमा गएका छन्। कोही विभिन्न रूपमा राहत संकलन गरिरहेका छन्। कोही मेडिकल्ली सहयोग गरिरहेका छन्।'

अध्यक्ष यादवले मधेश केन्द्रित तथा पहिचानवादी विभिन्न ८ दलको संयुक्त मोर्चा 'अग्रगामी मोर्चा'का तर्फबाट पनि बाढी प्रभावित क्षेत्रका नागरिकको उद्धार र राहतका लागि सक्दो प्रयास भइरहेको बताए।

'अग्रगामी मोर्चा'मा रहेको आम जनता पार्टीले पनि युवाको टोलीलाई प्रभावित क्षेत्रमा पठाएको छ। अध्यक्ष प्रभु साहले पार्टी निकट जेनजी टिम, आईटी आर्मीमार्फत उद्धार र राहतको काममा सहयोग पुऱ्याइएको बताए।

'हाम्रो पार्टीकै जेनजीको टिम छ, विकेश साहको नेतृत्वमा । उनको नेतृत्वमा के-के आवश्यक पर्छ भनेर टिम गइसकेको छ,' उनले भने।

पार्टीले युवा संगठन आईटी आर्मीलाई सरकार तथा सुरक्षा निकायसँग समन्वय गरेर स्थानीय आवश्यकता पहिचान गरी सहयोग गर्न आफ्ना संगठनलाई निर्देशन दिएको अध्यक्ष साहले जानकारी दिए।

राप्रपाले पनि पार्टीका सबै तहका नेता-कार्यकर्ता तथा शुभेच्छुकलाई उद्धार, राहत र मानवीय सहयोगमा सक्रिय हुन आह्वान गरेको छ । प्रवक्ता मोहन श्रेष्ठले प्रभावित क्षेत्रका पार्टी कमिटीलाई उद्धारमा सक्रिय हुन र राहत संकलनमा सहयोग गर्न भनिएको जानकारी दिए।

राप्रपाको बिहीबार बसेको केन्द्रीय कार्यसम्पादन समिति बैठकले पार्टीका सम्पूर्ण तहका नेता-कार्यकर्ता तथा शुभेच्छुकहरूलाई उद्धार, राहत र मानवीय सहयोगका कार्यमा स्थानीय प्रशासन तथा सम्बन्धित निकायसँग समन्वय गर्दै सक्रिय हुन पार्टी पंक्तिलाई आह्वान गरेको थियो।

यसैगरी, श्रम संस्कृति पार्टीले पनि बाढी प्रभावित क्षेत्रमा नेता-कार्यकर्ताहरू खटाएको छ । उक्त पार्टीका सांसद आरेन राई आफैं प्रभावित क्षेत्रमा पुगेका छन्।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले रसुवाको भोटेकोशी नदीको बाढीबाट प्रभावितलाई सहयोग गर्न संसारभरि छरिएर रहेका नेपालीहरूलाई अपिल गरेका छन् । सामाजिक सञ्जालमा भिडियो सन्देश जारी गर्दै उनले यो संकटको घडीमा एकजुट भएर सहयोग गर्न अपिल गरेका छन्।

उनले भनेका छन्, 'यो काम सरकारको मात्र जिम्मेवारी होइन । सरकारको नेतृत्वमा हामी सबैको साझा जिम्मेवारी हो। सरकार, सुरक्षा निकाय, राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र र आम नागरिक सबै एकजुट भएर यो संकटको सामना गर्नुपर्ने बेला हो।'


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# माथिल्लो त्रिशूली ३ 'ए' मा फसेकाहरूको रातभर उद्धार प्रयास : फ्लडलाइट र सर्च क्यामेरासहित सेना परिचालन



**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**

अविरल वर्षापछिको बाढीका कारण माथिल्लो त्रिशूली ३ 'ए' जलविद्युत आयोजना क्षेत्रमा फसेका नागरिकहरूको उद्धारका लागि नेपाली सेनासहितको टोली रातभर युद्धस्तरमा खटिएको छ। प्रतिकूल मौसम, लगातारको वर्षा र रातको अँध्यारोका बिच पनि प्रभावितहरूको सकुशल खोजी तथा उद्धार कार्यलाई तीव्रता दिइएको हो।

भौगोलिक जटिलता तथा रातको समयमा उद्धारमा अवरोध नपुगोस् भनेर कार्यस्थलमा उच्च क्षमताका फ्लडलाइटहरू जडान गरी खोज तथा उद्धार जारी राखिएको छ। घटनास्थलमा थुप्रिएको भीषण पहिरो र माटो पन्छाउन जेसीबी तथा हेभी एक्स्क्याभेटरहरूको निरन्तर प्रयोग भइरहेको छ, जसको सहयोगमा अवरुद्ध बाटो खुलाउँदै फसेका नागरिकहरू सम्भावित स्थानहरूसम्म पुग्ने प्रयास भइरहेको उद्धार टोलीले जनाएको छ।

उद्धार कार्यलाई अझ प्रभावकारी र द्रुत बनाउन टोलीले आधुनिक प्रविधिको समेत प्रयोग गरेको छ। पहिरो तथा भग्नावशेषमुनि सूक्ष्म रूपमा खोजी गर्न अत्याधुनिक 'सर्च क्यामेरा' र विशेष मोनिटरहरूको सहायता लिइएको छ।

यसैबिच, घटनास्थलमा प्राविधिक टोलीहरू आवश्यक आपत्कालीन उपकरण तथा प्राथमिक उपचार (फस्ट एड) सामग्रीसहित तयारी अवस्थामा रहेर स्थलगत समन्वय गरिरहेका छन्। कठिन परिस्थितिका बाबजुद फसेका व्यक्तिहरूको शीघ्र र सुरक्षित उद्धार गर्न सुरक्षा निकाय तथा प्राविधिक टोलीको संयुक्त प्रयास निरन्तर जारी छ।




## 'सरकार बाढी प्रभावितको साथमा .............

चाहन्छौं,' उनले भनेका छन्।

उनका अनुसार प्रतिकूल मौसम र विकट भौगोलिक परिस्थितिका बाबजुद पनि प्रभावित क्षेत्रबाट शनिबार ५:३० बजेसम्म सात हजार ५१४ जना मानिसलाई हवाई र स्थलमार्गमार्फत सफलतापूर्वक उद्धार गरी सुरक्षित स्थानमा पुर्‍याइएको छ।

जसमध्ये विभिन्न जलविद्युत् आयोजना क्षेत्रमा फसेका २७९ जना मानिसको उद्धार भइसकेको छ भने बाँकी क्षेत्रमा नेपाली सेनाले उद्धारको प्रयास जारी राखेको छ। उद्धारमा भारतीय र चिनियाँ विज्ञहरू नेपाली सेनासँगको समन्वयमा खटिएका छन्।

प्रभावित क्षेत्रमा उद्धार कार्यका लागि नेपाली सेना र निजी क्षेत्रका गरी १६ वटा हेलिकप्टर प्रयोग गरेर हालसम्म २३६ वटा उडान भरिसकेको अवस्था छ। प्रभावित क्षेत्रमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका गरी १८ हजार ७०८ जना सुरक्षाकर्मी खटिएका छन्।

'हामीलाई प्राप्त सुझाव र गुनासोलाई ध्यानमा राख्दै प्रभावित क्षेत्रमा परिचालन हुने सुरक्षाकर्मीको संख्या हरेक दिन बढाउँदै लगिएको छ भने थप हेलिकप्टरहरू तयारी अवस्थामा राखिएका छन्। तर, भौगालिक अवस्था र प्रतिकूल मौसमका कारण एकैपटक धेरै उडान भर्न सकिएको छैन। ज्यान जोखिममा राखेर खटिने सुरक्षाकर्मीको मनोबल उच्च राख्न दैनिक खाजा खर्च र प्रोत्साहन भत्ता वृद्धि गर्ने निर्णयसमेत गरिएको छ। उद्धारका क्रममा आवश्यकताअनुसार अन्तर्राष्ट्रिय समुदायबाट पनि सहयोग लिइरहेका छौं,' उनले भनेका छन्।

साथै सरकार प्रभावित क्षेत्रबाट उद्धार गरिएका जटिल घाइतेहरूलाई काठमाडौंका विभिन्न अस्पतालहरूमा ल्याएर उपचार गरिरहेको उनको भनाइ छ।

'अन्य घाइतेहरूलाई रसुवाको धुन्चे र नुवाकोटको बट्टारस्थित नेपाली सेनाको ब्यारेकमा मोबाइल अस्पताल खडागरी काठमाडौंबाट जानुभएका विभिन्न विशेषज्ञसहितको मेडिकल टोलीले निरन्तर उपचार गरिरहनुभएको छ,' प्रधानमन्त्री शाहले भनेका छन्।

यस्तै काठमाडौंबाट गएका विभिन्न चिकित्सकसहितको टोलीले धुन्चे, स्याफ्रुबेँसी, रसुवा अस्पताल र हेली क्षेत्रमा दुई गरी पाँच स्थानबाट स्वास्थ्य सेवा दिइरहेको उनले बताएका छन्।

घाइते र उनका परिवारका सदस्यहरूलाई मनोपरामर्श सेवासमेत प्रदान गरिरहेको उनको भनाइ छ।

अस्पतालमा रगतको सहज उपलब्धताका लागि सरकारले 'रक्त सूचना पोर्टल'सञ्चालन गरी कुन अस्पतालमा कति रगत उपलब्ध छ भन्ने विवरण सार्वजनिक रूपमा जानकारी दिने व्यवस्था मिलाएको बताउँदै शाहले प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा प्रवाहको थालनी गरिएको जानकारी दिएका छन्।

विभिन्न अस्पतालमा उपचारार्थ घाइते नागरिक निको भएर घर जानेक्रम जारी रहेको उनको भनाइ छ।

प्रधानमन्त्री शाहका अनुसार हालसम्म रसुवा, धादिङ, नुवाकोट, चितवन, तनहुँ गोरखा, नवलपरासीपूर्व र नवलपरासी पश्चिमका विभिन्न स्थानमा ६७५ वटा शव फेला परेका छन्। फेला परेका शवलाई 'एयर टाइट ब्याग' मा राखेर व्यवस्थापन गर्ने काम भइरहेको उनले जिकिर गरेका छन्।

'यी शवलाई 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३'बमोजिम व्यवस्थापन गरिँदैछ। पहिचान गर्न नसक्ने अवस्थामा भेटिएका शवलाई मात्रै डीएनएलगायत अन्य पहिचानलाई सहयोग गर्ने आधारहरू सुरक्षित राखी सरकारले आफैं व्यवस्थापन गर्न लागेको हो। परिवारले पहिचान गरेका शव भने उहाँहरूलाई जिम्मा लगाउने काम भइरहेको छ। त्यसैले यस विषयमा कुनै पनि भ्रममा नरहन सबैमा अनुरोध गर्दछौं,' उनले भनेका छन्।

उनका अनुसार प्रभावित क्षेत्रबाट उद्धार गरिएका घाइतेबाहेक अन्य प्रभावित नागरिकका लागि जिल्ला प्रशासन कार्यालय, स्थानीय तहलगायतको समन्वयमा रुसुवामा तीन, नुवाकोटमा १५ वटा शिविर स्थापना गरिएको छ। यी शिविरका लागि संघीय सरकारले राहत सामग्री निरन्तर रूपमा पठाइरहेको उनले बताएका छन्।

# चितवनमा बेवारिसे शवको व्यवस्थापन शुरु, डीएनए सुरक्षित राखेर यसरी गाडिँदैछन् शव

**अपन दैनिक संवाददाता**
**सिरहा, भदौ १३ गते**

भोटेकोशीको विनाशकारी बाढीमा परी बगेर चितवन पुर्‍याएका तर पहिचान हुन नसकेका शवहरूको जमिनमुनि व्यवस्थापन शुरु भएको छ।

शनिबार बिहान जिल्ला प्रशासन कार्यालय चितवनले शवहरू सडेगलेर महामारी फैलन सक्ने जोखिम बढेको भन्दै 'पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन (पहिलो संशोधन) निर्देशिका, २०८३' बमोजिम शवहरूलाई जमिनमुनि व्यवस्थापन गर्ने सूचना जारी गरेको थियो।

सोही निर्णय कार्यान्वयन गर्दै शनिबार दिउँसोदेखि भरतपुर महानगरपालिका वडा नं. १ स्थित रामनगर र देवघाटको बीचमा पर्ने जङ्गल क्षेत्रमा शवहरू गाड्न थालिएको हो।

जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख, प्रहरी उपरीक्षक रामेश्वर पौडेलका अनुसार हालसम्म चितवनमा २३३ वटा शव सङ्कलन भएका छन्। तीमध्ये ६ वटा शव पहिचान भई आफन्तलाई हस्तान्तरण गरिसकिएको छ भने बाँकी शवहरू अत्यधिक सडेगलेको र दुर्गन्धित भई चिन्न नसकिने अवस्थामा पुगेपछि सुरक्षित रूपमा जमिनमुनि व्यवस्थापन गर्न लागिएको हो।

**कसरी गरिन्छ जमिनमुनि शव व्यवस्थापन ?**

एसपी पौडेलले घटनास्थलबाट दिएको जानकारीअनुसार भविष्यमा आफन्तले दाबी गर्न आएमा सहजै शव निकालेर दिन सक्ने गरी अन्तर्राष्ट्रिय रेडक्रस समिति (आईसीआरसी) को मापदण्ड अपनाएर अत्यन्तै व्यवस्थित र वैज्ञानिक तरिकाले शवहरू गाडिएको छ।

पौडेलका अनुसार, यसरी शव व्यवस्थापनका निश्चित प्रक्रियाहरू हुन्छन्।



**क. डीएनए सङ्कलन र प्रोफाइलिङः** खाडलमा राख्नुअघि प्रत्येक शवको अनिवार्य रूपमा डीएनए नमुना सङ्कलन गरिएको छ। शनिबार दिउँसोसम्म १०० भन्दा बढी शवको डीएनए प्रोफाइलिङ सकिएर गाड्न तयार पारिएको थियो।

**ख. १.५ मिटर गहिरो खाडल र ४० सेमि. को दूरीः** जङ्गलका सालका रूखहरूलाई असर नपर्ने गरी डेढ मिटर गहिरो खाडल खनिएको छ। एउटा शव र अर्को शवबीच ४० सेन्टिमिटरको दूरी राखेर शवहरूलाई लहरै गाडिनेछ।

**ग. प्लास्टिक ब्याग र माटोको प्रयोगः** शव वा शवका टुक्राहरूलाई विशेष प्रकारको ब्यागमा प्याक गरिन्छ। ब्यागभित्र शवको पहिचान खुल्ने सङ्केत नम्बर राखिन्छ। त्यसपछि ब्यागलाई सिधै माटोमाथि राखेर माटोले नै पुरिन्छ।

**घ. कंक्रिटको स्ट्यान्ड र सङ्केत नम्बरः** शव पुरिसकेपछि भविष्यमा खन्न सजिलो होस् भनेर शवको ठीक माथि नभई अलिकति छेउ मा सानो कंक्रिटको ढलान गरी एउटा स्ट्यान्ड बनाइन्छ। उक्त स्ट्यान्डमा जमिनमुनि शवसँगै राखिएको सङ्केत नम्बर लेखिन्छ। यसले गर्दा कुन नम्बरको शव कुन ठाउँमा छ भनेर बाहिरैबाट प्रस्ट थाहा हुन्छ।

**ङ. जीपीएस म्यापिङ र मुचुल्काः** सम्पूर्ण काम सकिएपछि संयुक्त मुचुल्का तयार पारिन्छ। व्यवस्थापन गरिएको ठाउँको भिडियो तथा फोटो खिचिनुका साथै प्रत्येक शव गाडिएको स्थानको ठ्याक्कै लोकेसन थाहा पाउन जीपीएस कोअर्डिनेट वा नक्सांकन तयार गरी रेकर्ड सुरक्षित राखिन्छ।

**च. सुरक्षित घेराबन्दीः** शव गाडिएको सम्पूर्ण क्षेत्रलाई सुरक्षित राख्न तारबार वा घेराबन्दी गरिनेछ। शव व्यवस्थापनमा खटिएका सुरक्षाकर्मीहरूले पीपीई, मास्क र पन्जाको प्रयोग गरी उच्च स्वास्थ्य सतर्कता अपनाएका छन्।

**आफन्तले कसरी पाउनेछन् शव ?**

बेपत्ता भएका व्यक्तिका आफन्तले आफ्नो सम्बन्धित जिल्लाको जिल्ला अस्पतालमा गएर आफ्नो डीएनए नमुना दिनुपर्नेछ। उक्त नमुना चितवनमा सङ्कलन गरेर राखिएको बेवारिसे शवको डीएनएसँग म्याच खाएमा प्रहरीले आफन्तलाई खबर गर्नेछ।

डीएनए मिलेपछि आफन्तहरू चितवन आएर सङ्केत नम्बरका आधारमा आफ्नो मान्छेको शव गाडिएको स्थान सजिलै पहिचान गर्न सक्नेछन्। त्यसपछि प्रहरीकै रोहवरमा उक्त शव खनेर निकालेर स-सम्मान अन्तिम संस्कारका लागि आफन्तको जिम्मा लगाइने एसपी पौडेलले प्रस्ट पारेका छन्।

प्रशासनले बाध्यात्मक परिस्थितिका कारण शवहरू गाड्नुपरेको स्पष्ट पार्दै यस विषम परिस्थितिमा सहयोग र समन्वय गर्न सबैमा अनुरोध गरेको छ।

## चार महिनाको सेवा सुविधा राहतमा खर्च गर्दै ............

वडाअध्यक्ष आलमले विपत्तिको समयमा एक-अर्कालाई सहयोग गर्नु सबैको साझा दायित्व भएको उल्लेख गर्दै बाढी तथा पहिरोपीडितको उद्धार तथा राहतका लागि सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्न अपिल गरेका छन्।

उनले प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको पीडामा साथ दिन जनप्रतिनिधि, विभिन्न संघसंस्था तथा सर्वसाधारणलाई समेत सहयोगका लागि अघि बढ्न आग्रह गरेका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,
मधेश प्रदेश सिरहा नेपाल

